# माहाकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दोधारा,चादंनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धी वोल पत्र,दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।४।१२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस माहाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व.२०७७।०७८ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न यो ७ (सात) दिने सूचना जारी गरिएको छ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | २०७७।०७८ को न्यूनतम कबोल अंक भ्याट बाहेक | वोल पत्र ,दरभाउ पत्र दस्तुर |
|---|---|---|---|
| १२/२०७७/०७८ | माहाकाली नगरपालिका सडक उपयोग सेवा शुल्क | १२,५०,०००।- | १,०००।- |
| १३/२०७७/०७८ | माहाकाली नगरपालिका वाट निकासी हुने कवाडी वस्तुको ठेक्का | २,००,०००।- | १,०००।- |

१. ठेक्काको वोलपत्र,दरभाउ पत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास वैंक दोधारा चादनी शाखामा यस कार्यालयको **संचित कोष खाता हि.नं. 0823501563767019** मा जम्मा गरेको सक्कल बैंक भौचरका साथै संस्था दर्ता प्रमाण-पत्र, कर दर्ता प्रमाण-पत्र (मु.अ.क समेत) र आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरीद गर्न सकिनेछ । साथै एउटा फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले पेश गर्न पाईने छैन ।

२. ठेक्काको दरभाउ पत्र सूचना प्रकासित भएको मितिले ७औं दिन भित्र खरीद गरी ८ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका दरभाउ पत्रहरु सोही दिन २.०० बजे देखि दरभाउ पत्र दार्तावाला वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र खरीद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखी पेश भएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

४. वोल पत्र,दरभाउ पत्र दिदां आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस माहाकाली नगरपालिकाको नाममा कृषि विकास वैंक दोधारा चादनी शाखामा रहेको **धरौटी खाता हि.नं. 0823501563767108** मा जम्मा गरी सो को सक्कलै भौचर दरभाउ पत्रसाथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. दरभाउ पत्र दर्ता गराई सकेपछि ससोधन गर्न पाईने छैन ।

६. एउटै फर्मबाट एक भन्दा बढी दरभाउपत्र दर्ता भएको देखिएमा सो फर्मबाट दर्ता भएका सबै दरभाउपत्र नखोलीकनै अस्वीकृत गरिनेछ ।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी कार्यालयबाट वा www.mahakalimunkanchanpur.gov.np बाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

८. कवोल गर्न चाहेको अंक, अंक र अक्षर दवैमा स्पष्ट लेख्नु पर्ने छ केरमेट भएमा अक्षरलाई मान्यता दिईने छ ।

९ वोल पत्र,दरभाउ पत्र पूर्ण वा आंशिक रुपमा रद् गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

# माहाकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दोधारा,चादंनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धी ठेक्का बढावढको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।४।१२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ र ६१ बमोजिम यस माहाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कञ्चनपुरको क्षेत्राधिकार भित्र पर्ने तपसील वमोजिमका शिर्षक हरुवाट विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व.२०७७।०७८ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न बढाबढ प्रकृयावाट गर्नु पर्ने भएकोले बढाबढमा सहभागी हुन यो ७ (सात) दिन सूचना प्रकाशित गरिएको छ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | २०७७।०७८ को न्यूनतम कबोल अंक (भ्याट बाहेक) | ठेक्का बढाबढ हुने मिति,समय र स्थान |
|---|---|---|---|
| ०१/२०७७/०७८ | माहाकाली नदीको झो.पु.मा व्यापारिक परियोजनका लागी समान ओसार पोसार गरी माहाकाली नगरपालिका बाट बाहिरिने मोटरसाइकल साइकल बाट पुल उपयोग सेवा शुल्क । | ९०,०००। | २०७७।४।१९ गते नगरपालिका कार्यालय विहान ११:०० वजे देखि |
| ०२/ २०७७/०७८ | माहाकाली नगरपालिका वडा नं. ७ कञ्जभोज झो.पु.मा व्यापारिक परियोजनका लागी समान ओसार पोसार गर्ने मोटरसाइकल साइकल बाट पुल उपयोग शुल्क । | ४५,०००। | |
| ०३/ २०७७/०७८ | माहाकाली नगरपालिका वा.नं. ८ सुन्र नगर झो.पु.मा व्यापारिक प्रयोजनका लागि सामान ओसार-पोसार मोटरसाईकल र साईकलवाट पुल उपयोग सेवा शुल्क | ४५,०००। | |
| ०४/ २०७७/०७८ | माहाकाली नगरपालिका वा.न १० कुयिाकभर झो.पु.मा व्यापारिक प्रयोजनका लागि सामान ओसार-पोसार मोटरसाईकल र साईकलवाट पुल उपयोग सेवा शुल्क | ४५,०००। | |
| ०५/ २०७७/०७८ | माहाकाली नगरपालिका वा.नं. ३ बडुवाल टोल झो.पु.मा व्यापारिक प्रयोजनका लागि सामान ओसार-पोसार मोटरसाईकल र साईकलवाट पुल उपयोग सेवा शुल्क | ४५,०००। | |
| ०८/ २०७७/०७८ | कमलशा हांट वजारमा कर उठाउने ठेक्का | ५०,०००। | २०७७।४।१८ गते नगरपालिका कार्यालय विहान ११:०० वजे देखि |
| ०९/ २०७७/०७८ | ६ नं.वजार चादंनी हांट वजारमा कर उठाउने ठेक्का | ८,०००। | |
| १०/ २०७७/०७८ | कालिका हांट वजारमा कर उठाउने ठेक्का वा.नं.९ | ७५,०००। | |
| ११/ २०७७/०७८ | हेल्थपोष्ट हांट वजारमा कर उठाउने ठेक्का | ३,०००। | |

१. ठेक्का बढाबढमा सहभागी हुने व्यक्तिले नेपाली नागरिता प्रमाण पत्रको प्रतिलिपी लिई वढावढ हुनु भन्दा पहिले नगदी रसिद काटी सहभागी हुन पाउने छ ।

२. ठेक्का वढावढ सूचना प्रकाशित मितिले ८औं दिन तोकिएको समय र स्थानमा हुने छ । उक्त दिन सार्वजनिक विदा परेमा सो कार्य कार्यालय खुले पछि सोही समयमा हुने छ ।

३. आफुले कवोल गर्ने अंकको १० प्रतिशत रकम तत्कालै नगद जम्मा गर्नु पर्ने छ ।

४. ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालय समयमा कार्यालयवाट प्राप्त गर्न सकिने छ । र अन्य कुराको हकमा प्रचलित ऐन,नियम अनुसार हुने छ ।

५. ठेक्का कवोल गर्ने व्यक्तिले व्यवसायीवाट नगरपालिकाले तोके अनुसारको राजश्व संकलन गर्न पाउने छ । तोकिएको भन्दा बढी संकलन गरेको पाईएका कानून अनुसार कार्वाही गरिने छ ।

६. ठेक्का सदर गर्ने वा वदर गर्ने सम्पूर्ण अधिकार नगरपालिका मा निहित हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत